# संघीय संसद
# राष्ट्रिय सभा
# सत्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १५ चैत २०८१
# शुक्रवार
# बैठक सङ्ख्या- १९

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दहालको अध्यक्षतामा दिनको १३:२२ बजे प्रारम्भ भयो।

(१३:२२ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्य तुल प्रसाद विश्वकर्मा। सङ्क्षिप्तमा आफ्ना भनाइहरू राख्न अनुरोध गर्दछु।

(१३:२२ बजे) माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा):- सम्माननीय अध्यक्ष महोदय, यहाँ अस्तिदेखि निरन्तर रूपमा हामीले राखेका मागहरू पुरा हुन सकेका छैनन्। नेपालको संविधानको धारा ७६ को उपधारा १० अनुसार प्रधानमन्त्री र मन्त्री सामूहिक रूपमा संघीय संसद प्रति उत्तरदायी हुनेछन् र मन्त्री आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा र प्रधानमन्त्री र प्रधानमन्त्री सङ्घीय संसदप्रति उत्तरदायी हुनेछन् भन्ने संविधानमा उल्लेख छ। तर यहाँ प्रधानमन्त्रीजीसँग हामीले यहाँ जवाफको माग गरेका थियौं। र उहाँ चाहिने संसदप्रति उत्तरदायी नरहेको हामीलाई अनुभूति भइरहेको छ। कुलमानलाई हटाउने प्रसङ्गमा हामीहरुको सरोकार रहेको थियो। कुलमान एउटा व्यक्तिलाई हटाउने प्रश्न होइन। यो सुशासन र कुशासनको बीचको अन्तर र त्यससँग सम्बन्धित कुरा हो। र जसले गर्दा आज सिंगो देश नै

तरंगीत भएको छ। त्यसैले त्यो विषयलाई हामीले गम्भीरतापूर्वक यहाँ राखेका थियौं। तर त्यसको जवाफ छैन आउन सकेन।

त्यस्तै अध्यादेशको जुन प्रस्तुत प्रतिस्थापन विधेयक हो। त्यसमा पनि प्रतिपक्षले राखेको जुन संशोधन प्रस्ताव हो। त्यो प्रस्तावको पनि सम्बोधन हुन सकेन। माननीय अर्थमन्त्रीज्यूले त्यसमा भएका कमी कमजोरीहरु त्यसमा नमिलेका कुराहरु र केही ऐनहरूसँग बाझिएका कुराहरू छन् भने हामीले बसेर छलफल गरौंला भनेर प्रतिबद्धता गर्नुभएको थियो। हामी उहाँसँग बारम्बार बस्यौं। तर त्यसको पनि निकास निस्किन सकेन। र त्यसका साथै एउटा संसदमा यो चाहिँ सदनमा सधैं चल्दै आएको परम्परा विपक्षीहरुको खास विशेष कार्यक्रमहरू हुंदा खेरी यो सदन स्थगन हुने परम्परा थियो। त्यो पनि भएन आज, आज संसद चल्यो। त्यसैले म यहाँ के निवेदन गर्न चाहन्छु भने यो सदनलाई आजको जुन यो सदन हो यसको कारवाही अगाडि नबराइदियोस्। नबढाइयोस् र यसलाई स्थगित गरियोस् भन्ने मैले आफ्नो माग राख्न चाहन्छु विपक्षीको तर्फबाट धन्यवाद।

(१३:२४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, विषय त राखिहाल्नुभयो त अब। विषय राखियो। हामी सबैको ध्यानाकर्षण भयो। अब यही प्रक्रिया निरन्तर दोहोरिँदै जाँदा हामी कहाँ पुग्छौं। हाम्रो राष्ट्रिय सभाको अवस्था कहाँ पुग्ला? यो हामी सबै कति गम्भीर बन्या छ भन्ने मलाई चिन्ता लाग्न थाल्यो। सबै हामी राष्ट्रिय सभाका माननीय सदस्यहरूले सबैले आफ्नो आफ्नो ठाउँमा गम्भीर भएर समस्याको समाधान गर्ने तिर जोड दिनु पर्छ भन्ने लाग्छ। माननीयहरूलाई थाहा छ। अब हामी यो सत्रौं अधिवेशनको करिब करिब अन्त्य तिर छौं किनभने हाम्रो अर्को अधिवेशन सुरु हुनु पनि ढिला भइसक्या छ अब। बजेट अधिवेशन अथवा वर्षे अधिवेशन। अहिले साँच्चै भन्नुहुन्छ भन्दा यो २/४ दिन भन्दा अगाडि राष्ट्रिय सभाको एउटा राम्रो छवि बनेको थियो हामीले जति विधेयकहरू पास गरेउ, अगाडि पठायौं त्यसले एउटा राम्रो राष्ट्रिय सभा ल है अब चाहिँ अगाडि बढ्यो भन्ने थियो। अ त्यो त गर्यो अगाडि यहाँहरू कै सद्भाव, सहयोग, सबै माननीयहरूको एकरूपता, एकताका साथ अगाडि बढ्यौं त्यसले एउटा सन्देश दिन सफल भइदो रहेछ भन्ने कुरा पनि एउटा राम्रो म्यासेज गएको छ र हामी सबैलाई त्यो भएको छ। अब साथै फेरि एउटा गम्भीर के छ त भन्दा अब हामीसँग धेरै दिन छैन। फेरि माननीय सदस्यहरूलाई थाहा छ। १९ गते हामीले अर्को प्रोग्राम पनि बनाइराछौं। प्रदेश तिर जाने। तयारी सबै धन्न धन्न सबै तयारी भएको छ। मैले प्रायः धेरैजसो ठाउँमा मुख्यमन्त्रीज्यूहरुसँग, सभामुखज्यूहरूसँग कुराकानी गरिराख्या छौं। त्यहाँ जानु नै छ। एउटा जुन

उद्देश्यले जाँदैछौं अलि भारी मनका साथ जान परे त्यो पनि राम्रो हुँदैन नै भन्ने लाग्छ। एउटा, अर्को त्यो भन्दा पनि मुख्य कुरा पाँचवटा अध्यादेशलाई प्रतिस्थापन गर्ने जो विधेयक हामी आएको छ, दर्ता भएको छ। एक हदसम्म प्रक्रियामा अगाडि गएको छ। अब त्यसको समय धेरै छैन। यसो बुझ्दा खेरी। एउटा त अधिवेशन कै अन्त्यको कुरा छ। अर्को त्यसैको ६० दिन पुग्दै छ। यसले के impact पार्ला भन्ने पनि हामीले सोचौं भन्ने मलाई लाग्छ। सबैले राजनीतिक दलहरूले, राजनीतिक रुपमा विषयवस्तु राखेर त्यसलाई चाहिँ छिनो फानो त गर्न पऱ्योनित। त्यसले गर्दा हाम्रो राष्ट्रिय सभाको जो गरिमा छ त्यसलाई अक्षुण्ण राख्नको निम्ति त्यसलाई बर्करार राख्नको निम्ति सबै गम्भीर बन्न एकपटक म आग्रह गर्छु। र माननीय सदस्यहरूले जो आवाज दिइराखुभएको छ मलाई लाग्छ यो जहाँ जहाँ पुऱ्याउनुपर्ने त्यो ठाउँ पुगेको छ। हामी अरु प्रक्रियाबाट पनि ती विषयहरूलाई समस्या समाधान गर्ने दिशाति जान सक्छौं। यो सदन अवरुद्ध गरेर मात्रै एउटा बाटो रोज्यौं भने त्यसले राम्रो सन्देश दिदैन। त्यसले गर्दा माननीय सदस्यहरू मेरो विशेष आग्रह छ माननीयहरू यथास्थानमा बस्दिनुस् र आजको सदनको कारबाहीलाई अगाडि बढ्न दिनुहोस्। मेरो एकदम विशेष आग्रहका साथ म अनुरोध गर्छु। माननीय सदस्यहरू, आफ्ना विषय राख्दै जाउला गर्दै जाउला नि त। यही मात्रै हो भन्नेतिर नलागौं। माननीय सदस्यहरू, मलाई एउटा अचम्म लाग्छ। अब यहाँ बोल्न नदिदाँसम्म बोल्नु हुन्न कोहि नि बस्नुस भन्दा ..... कार्यबाहीलाई अगाडि बढाऔ भन्दा मान्नुहुन्न। ..... बस्दिनुस् माननीय सदस्यहरू। कार्यबाहीलाई अगाडि बढाऔं। यसले राष्ट्रिय सभाको गरिमालाई नै बढाउँछ। मेरो बुझाइमा। सायद मन मन हामी सबैको होला भन्ठान्छु। तर अब फेरि यो के हो कुरो। र मेरो फेरि पनि अर्को आग्रह के हो भने माननीय सदस्यहरू यहाँ बसेर धेरै गफ गर्न पनि नहुने। मुख्य कुरा के हो भने राजनीतिक दलहरुको अलि बढिसक्ने सक्रियताले समस्या हल गर्न पर्छ कि पर्दैन भन्ने पनि मेरो अब त्यहाँ निर हो मेरो। मेरो माग राजनीतिक दल आफैं सक्रिय बनेर आफ्नो ठाउँमा जसरी समस्या समाधान गर्न सत्ता पक्ष एकातिर कानमा तेल हालेर बस्ने। प्रतिपक्ष अर्को तिर कानमा तेल हालेर बस्ने। समस्या हल त हुँदैन होलानि त? कि अब सधैंको निम्ति राष्ट्रिय सभा यस्तै गर्ने हो कि? त्यसकारण मेरो विशेष आग्रह त्यो छ र माननीय सदस्यहरू बसिदिनुहोस्। कार्यबाहीलाई अगाडि बढ्न सहज बनाइदिनुस्। मेरो फेरि पनि माननीय सदस्यहरूलाई मेरो आग्रह छ।

माननीय सदस्यहरू, यत्रो समय एकदम मौनतामा सोचेर बस्दा अब बस्नुपर्छ भन्ने सम्म पनि सोंच्न भ्याउनु भयो कि अझैं टाइम दिनुपर्छ बरु म अझैं मौनतामा बसौं। तर अब चाहिँ सोचौं भन्ने मेरो एकदम हर्टली आग्रह हो। अलि हल्ला नभइकन मौन भएर अलि सकारात्मक

ढंगले सोच्न पाइन्छ के। हो हो माननीयज्यूहरू। एकदम साँचो कुरा गरेंको मैले। होइन अब अझै पनि ५/७ मिनेट शान्त भएर सोंच्दा खेरी हुन्छ भने म पनि यहाँ बस्छु। मौन बस्दा पनि निष्कर्ष ननिस्कने। डिस्कसन् गर्दा पनि निष्कर्ष ननिस्कने। के गर्दा हामी निष्कर्षमा जान्छौ त? यो त गम्भीर प्रश्न भयोनित।

माननीय सदस्यहरू, मैले फेरि पनि आग्रह गरें। यथास्थानमा बस्नुहोस्। आज यो सबैलाई अगाडि बढाऔँ। एकदम ठुलो चापमा छौं हामी राष्ट्रिय सभा सिङ्गै मलाई लाग्छ राष्ट्रिय सभा मात्रै होइन सिङ्गो देश नै चाँपमा पर्न थालिसक्यो अब। त्यसले गर्दा बसौं माननीय सदस्यहरू।

माननीय सदस्यहरू, मेरो निरन्तरको आग्रहलाई माननीय सदस्यहरूले यो बैठकलाई अगाडि बढाउने दिशातिर गरेको आग्रहलाई मान्नु भएन। माननीय सदस्यहरू, अब यो बैठकमा माननीय सदस्यहरूको अवरोध जारी नै राखेकोले अर्को बैठक आजै एक घण्टापछि बस्ने गरी यहीँ स्थगित हुन्छ।

**स्थगितः १३:३६ बजे।**